आज मिति २०७६ साल भाद्र महिनाको ५ गते विहिबारका दिन विहान ११:०० बजे यस शुक्लागण्डकी नगरपालिका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री किसान गुरुङ्ग ज्यूको अध्यक्षतामा बसी तपशिल बमोजिमका प्रस्तावहरु माथि तपशिल बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिती :

श्री किसान गुरुङ्ग , नगर प्रमुख , अध्यक्ष (नगर कार्यपालिका)

श्री सबिता रसाईली , उप प्रमुख , सदस्य (नगर कार्यपालिका)

श्री रबि चन्द्र पौडेल , सदस्य (नगर कार्यपालिका)

श्री जगत बहादुर गुरुङ्ग , सदस्य (नगर कार्यपालिका)

श्री राम कुमार श्रेष्ठ, सदस्य (नगर कार्यपालिका)

श्री शिव कुमार श्रेष्ठ , सदस्य (नगर कार्यपालिका)

श्री दिर्घ बहादुर थापा , सदस्य (नगर कार्यपालिका)

श्री कृष्ण बहादुर पौडेल , सदस्य (नगर कार्यपालिका)

श्री राम बहादुर क्षेत्री थापा , सदस्य (नगर कार्यपालिका)

श्री कृष्ण प्रसाद रेग्मी , सदस्य (नगर कार्यपालिका)

श्री लोक नारायण श्रेष्ठ , सदस्य (नगर कार्यपालिका)

श्री रामचन्द्र भण्डारी , सदस्य (नगर कार्यपालिका)

श्री दल बहादुर थापा , सदस्य (नगर कार्यपालिका)

श्री मनराज गुरुङ्ग , सदस्य (नगर कार्यपालिका)

श्री दानु अधिकारी सापकोटा , सदस्य (नगर कार्यपालिका)

श्री गिता महत , सदस्य (नगर कार्यपालिका)

श्री विष्णुमाया ढकाल लम्साल , सदस्य (नगर कार्यपालिका)

श्री रिता कुमारी भुजेल थापा , सदस्य (नगर कार्यपालिका)

श्री सानुमाया महत , सदस्य (नगर कार्यपालिका)

Scanned by CamScanner

श्री कुल बहादुर भुजेल , सदस्य (नगर कार्यपालिका)

श्री खिम बहादुर कुमाल , सदस्य (नगर कार्यपालिका)

श्री भरत लामगादे , सदस्य (नगर कार्यपालिका)

श्री देव बहादुर अधिकारी , प्रमुख प्रशासकिय अधिकृत एव्म सचिव (नगर कार्यपालिका)

अन्य उपस्थिती :

श्री नवराज चापागाई , शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख

श्री लक्ष्मण लम्साल , प्रशासन शाखा प्रमुख

Scanned by CamScanner

निर्णय नं. १ :

शुक्लागण्डकी नगरपालिका संस्था दर्ता तथा नवीकरण कार्यविधि,२०७६ लाई आवश्यक परिमार्जन सहित पारित गर्ने ।

निर्णय नं. २ :

शुक्लागण्डकी नगरपालिकाभित्र रहेका नदीहरुको घाटमा गत आ.व. २०७५/७६ मा प्रारम्भीक वातावरणीय अध्यायन (IEE)गरि जिल्ला समन्वय समितिद्वारा स्वीकृत भए अनुसार ठेक्का लगाईएका तपसिल बमोजिम घाटहरुमा कवोल गरिएको रकमलाई नै निम्नतम ठेक्का रकम तोकी चालु आर्थिक वर्ष २०७६/०७७ मा पनि टेण्डर प्रक्रियाको लागि सुचना प्रकासन गरि दहत्तर वहत्तर (ढुङ्गा, गिट्टी, बालुवा) को कर संकलन गर्ने:

| क्र.स | घाटको विवरण | न्युनतम ठेक्का रकम रु. |
|---|---|---|
| १ | तालबेसी घाट दाया किनारा,(झोलुङ्गे पुलबाट २०० मि. तलदेखि ४५० मि. तलसम्म) शु.न.पा. वडा नं. ९ | १४००००० |
| २ | सुरौदी दोभान दाया वाया किनारा ( सामुदायिक वनको पुर्वी किनारा) शु.न.पा. वडा नं. ९ | ५१००००० |
| ३ | किमलडाडा ख घाट दाया किनारा,शु.न.पा. वडा नं. ८ | ५०००००० |
| ४ | किमलडाडा क घाट दाया किनारा,शु.न.पा. वडा नं. ८ | १७०१५५५ |
| ५ | क्यांदी दोभान दायाँ किनारा,शु.न.पा. वडा नं. ८ | ५१०००० |
| ६ | हलेदीघाट वाया किनारा(झोलुङ्गे पुलबाट २०० मि माथिदेखि ५१० मि माथि सम्म) शु.न.पा. वडा नं. २ | १५२५५५० |
| ७ | सखारे १ नं. घाट वाया किनारा(च्यवनधामबाट २०० मि. दक्षिण पश्चिम देखि ४२५ मि. दक्षिण पश्चिम सम्म) शु.न.पा. वडा नं. २ | ३१००००० |
| ८ | दुरदुरे घाट वायाँ किनारा भानुभक्त क्याम्पस पछाडि, शु.न.पा. वडा नं. ५ | ८६०१५५५ |

निर्णय नं. ३ :

गण्डकी प्रदेश सरकारको उद्योग,पर्यटन वन तथा वातावरण मन्त्रालयको च.नं.६७ मिति २०७६/०४/१९ मा पर्यटन वर्ष २०१९–२०२२ को लागि स्थानीय उपसमिति गठन गर्न अनुरोध पत्र वमोजिम तपशील बमोजिम सदस्य रहने गरी गठन गर्ने :

तपशिल :

वडाध्यक्षहरु मध्येबाट : १. श्री जगत बहादुर गुरुङ्ग,वडा नं. २

२. श्री रामचन्द्र भण्डारी,वडा नं. १०

प्रमुख

Scanned by CamScanner

प्रमुख

३. श्री मनराज गुरुङ्ग,वडा नं. १२

पर्यटन व्यवसायीहरु मध्येबाट : १. श्री पार्वती पौडेल(जंगलपार्क रिसोर्ट,वडा नं. ३)

२. श्री नन्द बहादुर थापा(माभ्ग दगाम होमष्टे,वडा नं. २)

३. श्री राजकुमार श्रेष्ठ(ट्रेकीङ व्यवसायी,वडा नं. ४)

निर्णय नं. ४ :

शुक्लागण्डकी नगरपालिकामा नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि,२०७६ बमोजिम नगरपालिकामा देहाय बमोजिम दरबन्दी कायम रहने गरी अस्थायी पदपूर्ति गर्न प्रक्रिया अघि बढाउने :

क) नगर प्रहरी सहायक निरिक्षक – १ जना
ख) नगर प्रहरी जवान – ४ जना ( २ जना महिला र २ जना पुरुष)

निर्णय नं. ५ :

शुक्लागण्डकी नगरक्षेत्रको फोहोरमैला व्यवस्थापन गर्न निर्माण भएका संरचनाको उपयोग गर्न, चालु आ. व.मा विनियोजित वजेटबाट गुरु योजना अनुरुप निर्माण कार्य गर्न र वजार क्षेत्रबाट उत्सर्जन भएका फोहोरहरुको उचित उपयोग तथा व्यवस्थापन गर्नका लागि अध्ययन गरी १५ दिन भित्र प्रतिवेदन पेश गर्ने गरी देहाय बमोजिमको कार्यदल गठन गर्ने :

संयोजक : श्री दिर्घबहादुर थापा, वडाध्यक्ष वडा नं. ५

सदस्य : श्री शिवकुमार श्रेष्ठ, वडाध्यक्ष वडा नं.४

सदस्य : श्री कृष्ण प्रसाद रेग्मी, वडाध्यक्ष वडा नं.८

सदस्य : श्री कृष्ण बहादुर पौडेल, वडाध्यक्ष वडा नं. ६

सदस्य : श्री रामबहादुर थापा, वडाध्यक्ष वडा नं.७

सदस्य : श्री रामकुमार श्रेष्ठ, वडाध्यक्ष वडा नं. ३

सदस्य : श्री जगतबहादुर गुरुङ्ग, वडाध्यक्ष वडा नं. २

सदस्य सचिव : वातावरण शाखा प्रमुख,शु.न.पा

निर्णय नं. ६ :

शुक्लागण्डकी नगर कार्यपालिका कार्यालय तथा सम्पुर्ण वडा कार्यालयहरुको चालु आ.ब. २०७६/०७७ मा सुचना तथा गतिविधिहरु नियमित प्रवाह गर्ने प्रयोजनका लागि स्थानीय संचार माध्यमहरु एफ.एम.

प्रमुख

Scanned by CamScanner

प्रमुख

रेडियो ३ वटा (रेडियो ढोरबाराही,रेडियो तनहु, शुक्लागण्डकी एफ.एम) र दुई वटा स्थानीय पत्रिका ( तनहु खवर पत्रिका तथा वाराही खवर पत्रिका) सग प्रत्येकसंग बार्षिक रु ४०,०००।– का दरले सूचना प्रकाशन तथा प्रशारण शिर्षकबाट भुक्तानी हुने गरि संभौता गर्ने ।

निर्णय नं. ७ :

यस नगरपालिका अन्तर्गतका विद्यालयहरुमा रिक्त रहेका निम्न माध्यामिक तह,माध्यामिक तह कक्षा ९–१० र माध्यामिक तह कक्षा ११–१२ को विज्ञान विषयको शिक्षण सिकाइ सहयोग अनुदान,राहत अनुदान कोटा र दरबन्दीको शिक्षक पदमा विज्ञापन गर्दा अध्यापन अनुमति पत्र प्राप्त गरेका उमेदवारहरुको दरखास्त नपरेको कारण शिक्षक नियुक्ति गरी सुचारु रुपमा कक्षा संचालन हुन नसकेकोले अव आइन्दा विद्यालयले नियमानुसार विज्ञापन गर्दा अध्यापन अनुमति पत्र प्राप्त गरेको उम्मेदवारहरुको दरखास्त नपारेमा पुन: ७ (सात) दिनको म्याद थप गरी विज्ञापन गर्न लगाउने र थप अवधिमा समेत दरखास्त नपरेमा अध्यापन अनुमति पत्र नभएका उम्मेदवारहरु मध्येवाट नियमानुसार छनोट गरी नियुक्ति गर्ने व्यवस्था मिलाउने ।

निर्णय नं. ८ :

शुक्लागण्डकी नगरपालिकाका सम्पुर्ण वडाहरुमा अपाङ्गता परिचयपत्र वितरणका क्रममा खटिएका पदाधिकारी तथा कर्मचारीहरुलाई नियमानुसारको भत्ता बापतको रकम रु २ लाख ३६ हजार ५ सय र सम्बन्धित वडामा वितरण कार्य भएको दिनमा लागेको खाजा खर्च (वडा कार्यालयको माग वमोजिम) रकम आन्तरिक आयबाट बेहोर्ने गरी विनियोजन गर्ने ।

निर्णय नं. ९ :

यस नगरपालिकाको न्यायिक समितिको कानूनी सल्लाहाकारको रुपमा कार्यरत अधिवक्ता श्री चेत नारायण पौडेलले साविकमा खाईपाई आएको सुविधामा निजको कार्यवोभलाई समेत दृष्टिगत गरी चालु आ.व. २०७६/७७ को श्रावण महिना देखि नै रु ५०००। थप गरी मासिक सुविधा रु २० हजारका दरले चालु वजेटको सेवा परामर्श शिर्षकबाट उपलब्ध गराउने ।

निर्णय नं. : १०

शुक्लागण्डकी नगरपालिका वडा नं. ८ मा नगरस्तरीय रंगशाला निर्माणका लागि आवश्यक वजेट विनियोजन गरि दिन युवा तथा खेलकुद मन्त्रालयमा अनुरोध गरी पठाउने ।

निर्णय नं. ११ :

शुक्लगण्डकी नगरपालिकावडा नं. ८ निवासी श्री मन बहादुर महतले मौखिक रुपमा जग्गादान गरि साविक ढोरफिर्दी गाविस भवन नर्माण गरिएकोमा हाल वडा नं. ८ को कार्यालय संचालनमा रहेको हुदा उक्त जग्गा वडा कार्यालयको नाममा हालबकस गरिदिन ईच्छूक रहेको पाईएकोले निजले हालवकस गरी जग्गादान गरेमा निजको उपचारमा सहयोग गर्न रु १०००००। (एक लाख मात्र) रकम आन्तरिक आयबाट वेहोर्ने गरी रकम उपलब्ध गराउने ।

प्रमुख

Scanned by CamScanner